**सम्वत् २०७८ साल जेठ २५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को सातौं बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क. आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकलाई मिति २०७८/०२/२७ गते दिनको ३.३० बजे सम्बोधन गर्न र उक्त बैठकमा प्रदेश सभाका माननीय सदस्यहरूको उपस्थितिको लागि आह्वान गर्न माननीय मुख्यमन्त्रीज्यू मार्फत माननीय प्रदेश प्रमुखज्यू समक्ष अनुरोध गर्ने।<br>ख. माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको मिति २०७८/०२/२७ गते दिनको ३.३० बजेको बैठकमा सम्बोधन हुने प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम स्वीकृत गरी माननीय मुख्यमन्त्रीज्यू मार्फत माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने। |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा न. २ बस्ने वर्ष ५९ का श्री नारायण प्रसाद देवकोटालाई चार वर्षको लागि प्रदेश सहकारी विकास बोर्डको उपाध्यक्षमा मनोनयन गर्ने। |
| ३. | सामाजिक विकास मन्त्रालय | सन्तोष चौलागाईं, हाँडीखोला -२, मकवानपुरलाई प्रदेश युवा परिषद्को उपाध्यक्ष पदमा नियुक्त गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल जेठ १६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को छैठौं बैठकले गरेको निर्णय–**

| सि.नं. | मन्त्रालय | निर्णय |
| --- | --- | --- |
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. प्रदेश सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली, २०७८" स्वीकृत गर्ने ।<br>२. नेपाल सरकारको सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) सँग तादात्म्य कायम गर्न मिति २०७६/१०/१४ को प्रदेश सरकार(मन्त्रिपरिषद्)को भौतिक पूर्वाधार विकास मन्त्रालयको बोलपत्र मूल्याङ्कन सम्बन्धी प्रस्ताव उपरको निर्णय नं.२ खारेज गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष ०७८/७९ को विनियोजन विधेयक, २०७८ को सिद्धान्त र प्राथमिकता" लाई स्वीकृत गर्ने । |
| ३. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | शीत भण्डार सुरक्षा तथा संरक्षण कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहहरूलाई रु. १,२०,९५,५७२/- प्रचलित कानून बमोजिम अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ४. | सामाजिक विकास मन्त्रालय | मन्थली न.पा.-१ सानीमदौमा निर्माण हुने मन्थली रंगशाला, रामेछापलाई प्राथमिकता प्राप्त आयोजना (P1) तोक्ने। |
| ५. | सामाजिक विकास मन्त्रालय | मन्थली न.पा.-१ सानीमदौमा निर्माण हुने मन्थली रंगशाला, रामेछापको लागि नेपाल सरकारको स्वामित्वमा रहेको उल्लिखित चार किल्ला भित्रको २३-१४-०-० रोपनीमा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्राप्ति गर्न नेपाल सरकार समक्ष अनुरोध गर्न स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल जेठ ५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को पाँचौं बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको आठौं अधिवेशन मिति २०७८/०२/१६ गते आइतवार दिनको ०३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश नीति तथा योजना आयोगबाट पेश भएको वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना प्रस्ताव स्वीकृत गर्ने। |
| ४. | भौतिक पूर्वाधार विकास मन्त्रालय | पोष्ट बहादुर बोगटी (भिमफेदी कुलेखानी) सुरुङ्गमार्ग आयोजना निर्माणको लागि ई.पी.सि. माध्यममा खरिद प्रकृया अगाडी बढाउन मापदण्ड तथा नर्मस् स्वीकृत गर्ने। |
| ५. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनाको लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।